# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. : १४५६

**विषय:- ढुंगा, गिट्टी, वालुवा, भरान, ग्राभेल र माटोको बिक्री कर संकलनका लागि विद्युतीय बोलपत्र आव्हान सम्बन्धि सूचना।**

**दोश्रो पटक प्रकाशित मिति: २०८०/०६/१५**

**ठेक्का न. : 21/dsmc/2080/081**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२(क) बमोजिम यस धनगढी उप-महानगरपालिकाले आफ्नो क्षेत्र भित्र भएर बग्ने मोहना, खुटिया र शिवगंगा नदी/खोला मा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) ले तोकेको घाटगद्दी स्थलमा धनगढी उप-महानगरपालिकाको आर्थिक ऐन-२०८० को दफा १६ अनुसूची १४ बमोजिम ढुंगा, गिट्टी, वालुवा, भरान, ग्राभेल र माटो संकलन उत्खनन गरिदा बिक्रीकर (रोयल्टी) संकलन गर्नका लागि ईच्छुक फर्म वा कम्पनीहरुको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रही यो विद्युतीय बोलपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

<u>**सूचनाका शर्तहरू**</u>

१. न्युनतम बढाबढ ठेक अंक मु.अ.कर सहित ४,२३,१७,५३५।०५ (अक्षरुपी चार करोड तेईस लाख सत्र हजार पाच सय पैतिस रुपैया आठ पैसा पाच मात्र) कायम गरिएको छ।

२. विक्री कर (रोयल्टी) संकलन गर्नु पर्ने दर प्रति घन मिटर मु.अ.कर. वाहेक रु. २१२।– (अक्षरेपी दुई सय बाह्र मात्र) तोकिएको छ। सो मा मु.अ.कर थपी विक्रीकर संकलन गर्नु पर्नेछ।

३. ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले २०८१ जेष्ठ मसान्त सम्म मात्र कायम गरिनेछ।

४. तोकिएको घाटगद्दी स्थलको सिमा रेखाभन्दा बाहिर गई रोयल्टी संकलन गर्न पाईने छैन, तोकिएको सिमा भन्दा बाहिर गई रोयल्टी असुली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस कार्यालयले ठेक्का सम्झौता रद्द गर्न सक्नेछ।

५. बिद्युतीय माध्यमबाट बोलपत्र दाखिला गर्न ईच्छुक फर्म वा कम्पनीहरुले बोलपत्र खरिद वापतको रकम रा.बा.बैंक धनगढी शाखामा यस कार्यालयको नाममा रहेको अन्तरिक राजश्व खाता न. ४१७०१००३०१०१०००२ मा नगद रू. ५,०००।- (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी पेश गर्नु पर्नेछ।

६. बोलपत्र २०८०/०६/३० गते १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ र सोहि दिनको २:०० बजे खोलिने हुँदा सो समयमा बोलपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ। उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

७. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुनेछ।

८. बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले आफुले कबोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता (हि.न. ४१७०१००३०३००००००२) मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ। बोलपत्र समावेश गर्नका लागि अनलाईन www.bolpatra.gov.np/egp बाट सहभागी हुनु पर्नेछ।

९. ठेक्का स्वीकृत भएपछि सम्झौता गर्न आउदा ठेक्का मु.अ.कर सहित कबोल गरेको रकमलाई ३ किस्ता गरी सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको हकमा नेपाल राष्ट्र बैंक बाट स्वीकृति प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको २०८१ अषाढ मसान्त सम्म म्याद भएको कार्य सम्पादन जमानत (performance Bond) पेश गर्नु पर्नेछ।



रामलाल ...
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. : १४९७

१०. ठेक्काको किस्ता रकम तिन किस्तामा बुझाउनु पर्नेछ। जसमा पहिलो किस्ता सम्झौताका बखत, दोश्रो किस्ता पौष मसान्त र तेश्रो किस्ता वैशाख मसान्त भित्र बुझाउनु पर्नेछ। तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा बैंक जमानत पत्रबाट असुल उपर गरिनेछ।

११. बोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ। फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन।

१२. यस शर्तमा लेखेका विषय रु यसै बमोजिम र छुट भएका विषयहरु बोलपत्रमा उल्लेखित शर्तहरु, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, ढुंगा, गिट्टी, बालुवा उत्खनन बिक्रि तथा व्यवस्थापन मापदण्ड २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन २०८० र प्रचलित कानुन बमोजिम हुनेछ। साथै कार्यगत शर्तका बिबरणहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१३. स्वीकृत कार्य बिबरण बमोजिम पाच स्थानका नदी घाट कभरेजबाट बालुवा गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम १,७६,६४६.९२ घन मिटर मात्र हुनु पर्नेछ। स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदी घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन घाटगद्धी र बिक्रि गर्न पाईने छैन।

१४. यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरुजु उल्लेख भएका फर्म वा कम्पनीहरुले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन्। यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरुजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सुचित गरिन्छ।

१५. ढुंगा, गिट्टी, बालुवा, माटो, भरान आदि जस्ता नदी जन्य पदार्थको अवैध/गैर कानूनी रुपमा संकलन/उत्खन्न, ढुवानी, ओसार पसार जस्ता कार्यहरु गरेको देखिएमा वा पाईएमा त्यस्ता ढुवानीका साधन प्रयोग गर्ने व्यक्ति वा संस्थालाई न.पा.ले दण्ड जरिवाना स्वरुप पहिलो पटकमा रु. १००,०००।- (एक लाख मात्र) र सोही साधनले दोश्रो पटक उल्लेखित कार्य गरेको पाईएमा रु. २,००,०००।- (दुई लाख मात्र) तथा पुनः तेश्रो पटक सोही प्रकृतिको कार्य गरेको पाईएमा निजले प्रयोग गरेको ढुवानी साधनलाई न.पा.ले जफत गरी लिलाम विक्री गरिनेछ। उक्त जरिवाना कार्यालयले आफै असुल गर्नेछ।

१६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

१७. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन/कानुन बमोजिम हुनेछ।

१८. मु.अ.कर बुझाएको प्रमाण पेश गरेपछि मात्र परफरमेन्स वण्ड फुकुवा गरिनेछ।

१९. यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट www.dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ।

.......................................
प्रमुख प्रशासकीय अधिकृत

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)